★ राष्ट्रियता Nationality ★ लोकतन्त्र Democracy ★ समाजवाद Socialism ★ विद्यार्थी एकता Student's Unity

# नेपाल विद्यार्थी संघ
# NEPAL STUDENTS' UNION

(1970)

केन्द्रीय कार्यालय, काठमाण्डौ
Central Office, Kathmandu

Ref. No: १३७-०७९

मिति: २०७९/०४/२४

## प्रेस बिज्ञप्ति

नेपाल विद्यार्थी संघ राष्ट्रियता,लोकतन्त्र,समाजवाद र विद्यार्थी एकता लाई आत्मसात गरि प्रजातान्त्रिक मुल्य,मान्यता आदर्श र सिद्धान्तमा अडिग रहि निस्ठापुर्वक नेपालको शैक्षिक विकृति अन्याय अत्याचार र विसङ्गति विरुद्ध निरन्तर खबरदारी गर्दै नेपालको हरेक राजनीतिक सामाजिक र शैक्षिक आन्दोलनमा अग्रणी भुमिका निभाउदै आएको यथार्थ सर्वविदितै छ ।

आम जनता र विद्यार्थी आन्दोलनको जगमा स्थापित लोकतान्त्रिक व्यवस्थामा शान्तिपूर्ण ढङ्गले आन्दोलन गर्न पाउनु हरेक नागरिकको अधिकार क्षेत्र भित्र पर्दछ ।

ने वि संघ रामपुर क्याम्पस खैरहनीले शान्तिपूर्ण ढङ्गले विभिन्न चरणका आन्दोलन अगाडि बढाइरहेको अवस्थामा २०७९/४/२२ गतेका दिन रामपुर क्याम्पस ने वि संघ इकाई सभापति सुरज यादव र सचीव आशिष् देवकोटालाई स्थानीय अराजक जत्थाले क्याम्पस परिसर भित्र प्रवेश गरि साँघातिक आक्रमण गरि घाइते बनाउने दुस्कर्म अत्यन्त खेदजनक छ। उक्त दुस्कर्मको नेपाल विद्यार्थी संघ केन्द्रीय समिति घोर निन्दा र भत्सर्ना गर्दछौं ।

घाइते विद्यार्थी साथीहरूको सिघ्र स्वास्थ्य लाभको काममा गर्दै यस्ता अपराधीक घटनामा संलग्न ब्यक्तिहरु माथी छानबिन गरि तुरुन्त कानुनी कठघरामा उभ्याएर कानुन बमोजिम कार्वाही गर्न गृहप्रशासन सङ्ग जोडदार माग गर्दछौं । अन्यथा यसबाट (आन्दोलन) उत्पन्न हुने क्षतिको जिम्मेवारी सम्बन्धित निकायले लिनुपर्ने छ ।

**जय नेपाल !!**

दुजाङ शेर्पा
अध्यक्ष
नेपाल विद्यार्थी संघ
केन्द्रीय कार्यसमिति

P.O. Box : 7726, Anamnagar,Kathmandu,Nepal
Tel./Fax: +977-01-4425941, E-mail: info@nsu.org.np
www.nsu.org.np